# नमूना प्रश्न पत्र

कक्षा : ५
विषय : नेपाली

पूर्णाङ्क : ५०
समय : २ घण्टा

१. **दिइएका अर्थसँग मिल्ने शब्द छानी खाली ठाउँमा भर्नुहोस् :** (२)

वृक्षारोपण, खड्कुलो, प्रदूषित, नित्यकर्म, सत्यकर्म

(क) खाली जमिनमा रूख, बिरुवा रोप्ने ................
(ख) पित्तल, तामा, आदिको ठुलो भाँडो ................
(ग) वातावरण बिग्रिएको अवस्था ................
(घ) दैनिक गरिने काम ................

२. **खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :** (२)

(क) कुनै विषयको ज्ञानलाई ................ भनिन्छ। (विशेष, विशेषज्ञ, परिपक्क)
(ख) 'गहना' शब्दको समावेश्य शब्द ................ हो। (औंठी, हरि, उपहार)
(ग) 'थोरै' शब्दको उस्तै अर्थ दिने शब्द ................ हो। (कम्ती, कसिलो, करेसा)
(घ) 'लुकाउनु' शब्दको उल्टो अर्थ दिने शब्द ................ हो। (विस, विश, देखाउनु)

३. **अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :** (३)

प्राकृतिक, पो, पराजय

४. **शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

(क) अभिवावक भविवावक अभिभावक अभिभावक
(ख) अंक अङ्क अङ्क अकं

५. **दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

डाक्टरले भने, तपाइ बीरामी भएकाले सधै व्यायाम गर्नुहोस्।"

६. **रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

म शान्त वातावरण रुचाउँछु र एक्लै बसेर आनन्द लिन्छु।

७. **जोडा मिलाउनुहोस् :** (२)

| | |
|---|---|
| निपात | पर्सि |
| नामयोगी | पो |
| संयोजक | तर्फ |
| क्रियायोगी | ओहो |
| | किनभने |

८. **तलको खाली ठाउँमा उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस् :** (२)

(क) गोठ ................ गाई पालिएको छ। (देखि, द्वारा, मा)
(ख) सुनिता ................ बहिनी निकै चलाख छिन्। (रो, की, बाट)
(ग) हजुरबुबा जहाज ................ आउनुभयो। (का, बाट, ले)
(घ) जोकरले टुक्का भनेर सबै ................ हँसाउँछ। (लागि, को, लाई)

९. **दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (४)

(क) म मामाघर जान्छु। (भविष्यत काल)

(ख) हजुरबुबाभन्दा नाति अग्लो छ। (भूतकाल)

(ग) गाईले पराल खायो। (वर्तमान काल)

(घ) पाठो कति हलक्क बढेछ। (भूतकाल)

१०. **दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :** (५)

(क) तपाईं कहिले आइस ?

(ख) हजुरबुबाले राम्रो कथा सुनायो।

(ग) केटी राम्रो नाच्छ।

(घ) हामी वादविवादमा भाग लिन्छु।

(ङ) ऊ मलाई हिसाब सिकाउँछस्।

११. **दुबै प्रश्नको उत्तर दिनुहोस् :** (४+४=८)

(अ) **तलको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

बालकृष्ण सम विभिन्न किसिमका साहित्यिक किताब पढ्थे। उनी कविता, कथा, नाटक, निबन्ध आदि खोजी खोजी पढ्थे। उनले आफ्नै दाजु पुष्कर शमशेरले लेखेका कथा पनि पढे। यसबाट उनलाई कथा, नाटक आदि लेख्ने थप हौसला मिल्दै गयो। नामी साहित्यकारहरूसँग पनि उनको सङ्गत भयो। साथी सङ्गतीको कारण पनि सम साहित्य लेखनतर्फ पूरै आकर्षित भए।

प्रश्नहरू: (क) बालकृष्ण सम के पढ्थे ?

(ख) बालकृष्ण समका दाजुको नाम के हो ?

(ग) कस्ता साहित्यकारहरूसँग समको सङ्गत भयो ?

(घ) साहित्य लेखनमा उनी कसरी आकर्षित भए ?

(आ) **तलको कविताको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हलो, जुवा, कोदाली हुन जीवनका खुसी
खेतबारी पाठशाला पसिना हो मसी
दुनियाँका खुसी लेख्ने किसानको मन
किसान हुन् अन्नदाता संसारकै धन।

प्रश्नहरू: (क) जीवनको खुसी के हो ?

(ख) किसान खेतबारी र पसिनालाई केसँग तुलना गरिएको छ ?

(ग) किसानको मन के हो ?

(घ) हाम्रो अन्नदाता को हुन् ?

१२. **कुनै एक प्रश्नको आशय वर्णन गर्नुहोस् :** (४)

(क) बुढापाकाहरू "रिस खा आफू बुद्धि खा अर्को" भन्थे। तातो रिसले आफैंलाई जलाउँछ। मैले किन लडाईंको खर्च सोधें? किन गोरखाका घरधुरी सोधें? धैर्यले मनमनै गुन्नुहोस्, महाराज।

(ख) नेपालीको मनभित्र नेपाल नै हुन्छ
देशभक्ति भावनाले नेपाल नै हुन्छ।

१३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) आफ्नो पढाइको वर्णन गर्दै मामालाई चिठी लेख्नुहोस्।

(ख) नयाँ वर्षको अवसरमा विद्यालयले अभिभावकहरूलाई दिने शुभकामना पत्र तयार पार्नुहोस्।

१४. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) **तल दिइएका बुँदाका आधारमा कथा लेखी शीर्षक पनि दिनुहोस् :**

सरिता दस कक्षामा पढ्नु....... पढाइमा रुची नहुनु.......उसलाई विद्यालय जान मन नलाग्नु...... हजुर आमाले विद्यालय जाऊ भनेर सधैं सम्झाउनु...... उसलाई सधैं रिस उठ्नु........हजुरआमा पटक्कै मन नपर्नु........घरमा सरिताको विवाहको कुरा चल्नु..... पढ्न मन नगरेकाले विवाह गरिदिने कुरा हुनु......सरि ता सानै भएकाले विवाह गर्न हजुरआमाले नमान्नु........ विवाहको कुरा हजुरआमाले सरितालाई सुनाउनु...... सरिताले आफू सानो उमेरमा विवाह गर्दिन भन्नु...... राम्रोसँग पढ्छु भन्नु...... हजुरआमाले आमाबुबालाई सम्झाउनु...... सरिताले आफू लगनशील भएर पढ्ने वाचा गर्नु.......सरिताले हजुरआमालाई धेरै माया गर्नु....।

(ख) **'छुवाछुतको अन्त्य' शीर्षकमा तलको संवाद पूरा गर्नुहोस् :**

विद्यार्थी : सर नमस्कार !
गुरु : नमस्कार बाबु ! कता गएर आयौ ?
विद्यार्थी : म नाटक हेरेर आएको सर।
गुरु : नाटकको विषय के थियो त ?
विद्यार्थी : ..................................................................
गुरु : ..................................................................
विद्यार्थी : ..................................................................
गुरु : ..................................................................
विद्यार्थी : ..................................................................
गुरु : ..................................................................
विद्यार्थी : ..................................................................
गुरु : ..................................................................

१५. **कुनै एक शीर्षकमा १०० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** (५)

(क) मिठो बोली (ख) गाईजात्रा (ग) तिहार

समाप्त

OUR LEARNING HUB